परिवर्तनको लागि

# क्राईम अपरेशन

CRIME OPERATION साप्ताहिक

पानीको सही सदुपयोग गरौं । पानी महसुल समयमै तिरी अनावश्यक जरिवानाबाट बचौं ।

नेपाल खानेपानी संस्थान शाखा कार्यालय देवकोटा चौक विराटनगर

❑ वर्ष १० ❑ अंक १६ २०७८ मंसिर ५ गते आईतवार Sunday 21, NOV 2021 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

## ट्रयाक्टरमा गाँजा तस्करी

विराटनगर । सुनसरी गाउँपालिका वडा नं. ४ मा प्रहरीले चेकजाँच गर्दा एउटा ट्रयाक्टरबाट १ सय ८० किलो लागुऔषध गाँजा बरामद गरी ट्रयाक्टरलाई स्कटिङ गर्ने मोटर साईकल चालकलाई प्रहरीले पक्राउ गरेको छ ।

बुधवार देवानगंज स्थित सिमा क्षेत्रमा ईलाका प्रहरी कार्यालय देवानगंजबाट खटिएको चेकिङ टोलीले सवारी साधन चेक जाँच गर्ने क्रममा प्रदेश -१-०४-००१ त ०६६६ नंम्बरको ट्याक्टर चेकजाँच गर्ने क्रममा उक्त ट्याक्टरमा ठूलो परिणामको लागुऔषध गाँजा फेला परेको थियो ।

चेकजाँच हुने क्रममा ट्याक्टर चालक फरार भएका थिए भने उक्त ट्याक्टरलाई को २९ प ८४८६ नम्बरको मोटरसाईकलले स्कटिङ गर्ने देवानगंज गाउँपालिका वडा नं. ५ का २५ बर्षीय सन्तोष कुमार मेहेता पक्राउ हुन् ।

फरार भएका चालकको खोजतलास भईरहेको छ भने बरामद भएको गाँजा, ट्याक्टर र मोटरसाईकल समेत नियन्त्रणमा लिई थप अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ ।

## सबभन्दा वढी कर तिर्ने नोविल

विराटनगर । स्वास्थ्य तथा शिक्षा सेवा प्रदायक मध्येबाट मूलुककै सबैभन्दा बढी आयकर तिरेर विराटनगरस्थित नोबेल मेडिकल कलेज टिचिङ्ग हस्पिटल सम्मानित भएको छ । आर्थिक बर्ष २०७६/०७७ मा स्वास्थ्य र शिक्षा क्षेत्रको उत्कृष्ट करदाता बनेर नोबेल सम्मानित भएको हो ।

१० औं राष्ट्रिय कर दिवसको अवसरमा बुधबार काठमाडौंमा आयोजित समारोहका बीच आन्तरिक राजश्व विभागले नोबेललाई सम्मान गरेको छ । कार्यक्रममा अर्थमन्त्री जनार्दन शर्मा र अर्थसचिब मधुकुमार मरासिनीले नोबेलका प्रमुख कार्यकारी अधिकृत डा.भोगेन्द्र प्रसाद उपाध्यायलाई माला र खादा लगाएर सम्मानपत्र प्रदान गरी सम्मानित गरे । कार्यक्रममा अन्य क्षेत्रका उत्कृष्ट करदाताहरुलाई पनि सम्मानित गरिएको थियो ।

नोबेल मेडिकल कलेज टिचिङ्ग हस्पिटल दुई पटक मूलुकको उत्कृष्ट करदाता बनेको छ । यसअघि आर्थिक बर्ष २०७३/०७४ मा पनि स्वास्थ्य तथा शिक्षा क्षेत्रबाट मूलुककै सबैभन्दा बढी आयकर तिरेर नोबेल सातौं कर दिवसमा पुरस्कृत भएको थियो । दोस्रो पटक पनि मूलुकको उत्कृष्ट करदाता बनेपछि प्रतिक्रिया

वांकी अन्तिम पेजमा...

## हाथीबन्धा र ववभनटोलीलाई जोड्ने जुडी खोलामा पक्की पुलको शिलान्याशमा



जनता समाजवादी पार्टीका केन्द्रिय सदस्य तथा प्रदेश नं. १ को समाजिक विकास मन्त्रीलाई जहदा गापा वडा नं. ३ मा सम्मान गर्दै ।

विराटनगर । प्रदेश नं. १ को राजधानी जोडिएको जहदा गाउँपालिका वडा नं. ३ मा पर्ने हाथीवन्धा र ववनटोलीलाई जोड्न जुडी खोलामा पुलको शिलान्यास भएको छ ।

एक कार्यक्रमको आयोजना गरी शनिवार सो कार्यक्रमका प्रमुख अतिथी प्रदेश नं. १ का माननीय समाजिक विकास मन्त्री जयराम यादवले पुलको शिलन्यास गरेको हो । उक्त शिलान्यास कार्यक्रमलाई सम्वोधन गर्दै आफु मन्त्री बनेपछि पहिलो पुलको शिलान्यास गरेकोमा खुशी व्यक्त गर्दै पुलको निर्माण कार्य समयमै सम्पन्न गर्न आग्रह गरेका थिए ।

जहदा गाउँपालिका वडा नं. ३ मा रहको हाथीवन्धा र ववनटालीका जनतालाई आवत जावत गर्न नदी तरने बाध्यतालाई निर्मुल पार्ने उदेश्यले २ करोड ३० लाखको लगानीमा पक्की पुल निर्माण गर्न लागेको वडा अध्यक्ष तथा कार्यक्रमका अध्यक्ष अनिल ठाकुरले वताए । सो पुल समयमै निर्माण गर्ने समेत प्रतिवद्धता जनाएका थिए । सो कार्यक्रममा जहदा गाउँपालिका अध्यक्ष कैलाश मण्डल, उपध्यक्ष शालो साहको समेत उपस्थिति रहेको थियो ।

त्यसैगरी सोही दिन जनता समाजवादी पार्टीको सुदृढीकरण र जनजागरण (सुज) अभियान अन्तर्गत जागरण सभा र सम्मान कार्यक्रम प्रदेश नं. १ को क्षेत्र नं. ५ (ख) को जहदा गाउँपालिका वडा नं. ३ को प्रागणमा अन्य पार्टीवाट जसपामा प्रवेश गर्ने नव प्रवेशीहरुलाई स्वागत गर्दै सम्पन्न भएको छ ।

जनजागरण सभा र सम्मान कार्यक्रमको प्रमुख अतिथी प्रदेश नं. १ का माननीय समाजिक विकास मन्त्री जयराम यादवलाई फूलमाला लगाएर सम्मान गरेका थिए । सम्मानपछि कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्रीलेभने 'प्रदेश सांसद बनेको साढे तीन वर्ष पछि पार्टीले प्रदेश नं. १ मा सामाजिक विकास मन्त्रालय पाएको छ । त्यहांवाट हुने सम्पुर्ण काम संघियतालाई झल्काउने गरी हुने छ । समाजिक विकास मन्त्रालयवाट हुने कामकारवाहीमा पार्टीका हरेतह तपकासंग सरसल्लाह गरी काम गर्ने प्रतिवद्धता जनाएका थिए ।'

नेपाली कांग्रेस, नेकपा एमाले, राप्रपा, नेकपा माओवादी लगायत पार्टीलाई परित्याग गरी जनता समाजवादी पार्टीमा प्रवेश गर्ने सयौं यूवाहरुलाई मन्त्रीले फुलमाला र अविर लगाएर स्वागत गरेका थिए । उक्त सभामा जसमा केन्द्रिय सदस्य संजय सिहं, मोरंग जिल्ला अध्यक्ष राजकुमार यादव लगायत नेता तथा कार्यकर्ताको उपस्थिती रहेको थियो ।

## स्थानीय तहमा मिडिया सम्बन्धी नीति आवश्यक

विराटनगर । प्रदेश र स्थानीय तहमा मिडिया संवन्धि नीति आवश्यक रहेको सरोकारवालाहरुले जोड दिएका छन् ।

मानव अधिकार संचार प्रतिष्ठान (इह्रिकन) को आयोजनामा फ्रि मिडिया नेटवर्कको पैरवी रणनीति सम्बन्धी अन्तरक्रिया कार्यक्रममा सरोकारवालाहरुले मिडिया संवन्धि नीति आवस्यक रहेकोमा जोड दिएका हुन ।

नेपाल पत्रकार महासंघ प्रदेश १ का अध्यक्ष लीलाबल्लभ घिमिरेले मिडिया संवन्धि नीति निर्माणका लागि पहल गरिरहेपनि प्रदेश सरकारहरु परिवर्तन भईरहँदा समस्या भएको वताउँदै स्थानीय तहमा मिडिया संवन्धि नीतिका लागि आवश्यक पहल हुन नसकीरहेको बताए ।

एड्भोकेसी फोरम प्रदेश १ की संयोजक रुक्मीणा दाहालले प्रदेश र स्थानीय सरकारलाई मिडिया नीति निर्माणमा जोड दिनुपर्ने दिदै निर्णयका आधारमा भन्दा पनि नीति नै आवश्यक हुने वताएका थिए । इन्सेक प्रदेश १ का प्रमुख सोमराज थापाले आर्थिक, सामाजिक, सांस्कृतिक संवन्धिका सवालमा सामुहिक रुपमा आवाज उठाउनुपर्नेमा जोड दिएको थियो ।

अन्तक्रिया कार्यक्रममा राष्ट्रिय मानव अधिकार आयोग प्रदेश १ निर्देशक नितु गड्तौला, गैसस महासंघ उपाध्यक्ष विष्णु शर्मा पन्त, जिल्ला प्रशासन कार्यालय मोरङका प्रशासकीय अधिकृत चेतनाथ पोखरेल, जिल्ला प्रहरी कार्यालय मोरङकी प्रहरी निरीक्षक एल्जिना राई, माईती नेपालकी गिताञ्जली शर्मा, ओरेककी गोमा भण्डारी लगायतले बोल्नु भएको थियो ।

कार्यक्रममा पत्रकार महासंघ मोरङका अध्यक्ष सञ्जीव खनालले मोरङमा सञ्चारमाध्यमको अवस्था र फ्रि मिडियाले गरेको कामको प्रकाश पादै पैरवीका बारेमा सहजीकरण गर्नुभएको थियो ।

राष्ट्रिय जनगणना २०७८

"नेपालमा बढई जातिको राष्ट्रिय पहिचान कायम गरौ"

शर्मा, सुतिहार, बढई, बड्ही, बरही, मिस्त्री, कमार, कर्मकार ठाकुर लगायतको थर लेखाएता पनि घरमा जनगणनाको लागि गणक आउँदा जात/को महलमा अनिवार्य बढई (कोड नं. ६०) लेखाउन हार्दिक अनुरोध गर्दछौं ।

पूर्खाको भाषा : मगही (कोड २७), मातृभाषा : मगही (कोड २७)

नेपाल बढई कल्याण समाज केन्द्रिय समिति परिवार, विराटनगर

SUKRATARA FURNITURE UDYOG

BIRATNAGAR

9842033365
9805391277

Chattdev007@gmail.com



All types of Fabrication, Furniture, Prefab, Truss are available.

# १५ लाख भन्दा बढीको भारतीय चीनी बरामद



सुनसरी । सुनसरीको दुई स्थानबाट गाडी सहित ५६ बोरा भारतिय चिनी बरामद गरिएको छ ।मंसिर १ गते ईनरुवा नगरपालिका वडा नंश. ९ पोखरीचौक स्थितबाट अस्थायी प्रहरी पोष्ट पोखरी चौकबाट खटिएको प्रहरी टोलीले विशेष सुचनाका आधारमा भारतवाट नेपाल तर्फ भन्सार छली प्र १-०२-००२ च ४९६१ नम्बरको पिकअप गाडीमा ५० बोरा भारतिय चिनी बरामद सहित सामान धनीलाई पक्राउ गरेको हो ।

यसै गरी गढी गाऊपालिका ४ स्थित सडक खण्डमा प्रहरीले २ वटा मोटर साईकलमा सवार मानिसहरुले वरामद २ वोरा सुर्ति र ६ वोरा चिनी ल्याउदै गरेको अबस्थामा प्रहरीलाई देखी मोटरसाईकल र सामान छोडी भागेका थिए ।

बरामद गरिएको ५६ बोरा चिनी, सुर्ती सहितको मुल्य १६ लाख ८६ हजार ९ सय बराबरको रहेको छ । बरामद भएको सामान र सामान धनि सहित सुनसरी भन्सार कार्यालय सेतुवन्ध कोशी व्यारेजमा वुझाईएको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ ।


१६

## राष्ट्रिय जनगणना २०७८ किन ?

- सरकारी सेवा सुविधामा पहुंच र गरीबी निवारण कार्यक्रम तर्जुमा गर्न,
- विपद् जोखिमको योजना वनाउन,
- विविधतामा एकता कायम गर्न,
- लैङ्गिक तथा सामाजिक समावेशी करणको अवस्था वारे जान्न,
- वैवाहिक अवस्था पत्ता लगाउन,
- प्रजनन, सुरक्षित गर्भ अवस्था, शिशु मृत्युदर र मातृ मृत्युदरको अवस्था थाहा पाउन,
- अपाङ्गता भएका व्यक्तिको अवस्था जान्न,

नेपाल सरकार
विज्ञापन बोर्ड


# हार्दिक श्रद्धाञ्जली







जन्म मिति
२००० पौष ११

भुलियादेवी सुतिहार

मृत्यु मिति
२०७८ कार्तिक ३०

विराटनगर महानगरपालिका वडा नं. ८ निवासी मेरो भिनाजु अधिवक्ता रामलाल सुतिहार ज्यूको ममतामयी आमा **भूलिया देवी सुतिहार** ७८ वर्षको उमेरमा कार्तिक ३० गते मंगलबार भएको असामयिक निधनले हामीलाई दुखी बनाएको छ । दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । साथै शोकको यस घडीमा शोकसन्तप्त परिवारजन प्रति हार्दिक समवेदना प्रकट गर्दछु ।





श्याम सुन्दर सुतिहार
मंजु शर्मा सुतिहार
एवं
क्राईम अपरेशन साप्ताहिक
परिवार, विराटनगर

# प्रेस सेन्टरको जिल्ला अधिवेशन सम्पन्न



विराटनगर । प्रेस सेन्टर नेपालमोरङको चौथो जिल्ला सम्मेलन मंसिर १ गते बुधबार सम्पन्न भएको छ ।

सो अधिवेशनबाट तीनवटा समिति निर्वाचित भएका छन् ।

सो सम्मेलनवाट तीनवाटा समिति निर्वाचित भएका छन् । जस अनुसार प्रेस सेन्टरले जिल्ला समन्वय समितिमा अर्जुन आचाय´को अध्यक्षतामा १७ सदस्यीय गठन गरेको छ ।

त्यसैगरी विराटनगर महा नगर समितिमा श्रीमन्त भट्टराईको अध्यक्षतामा १३ सदस्यीय समिति र सरोज बस्नेतको अध्यक्षतामा १३ सदस्यीयपूर्वी शाखा समिति गठन गरिएको थियो ।

जिल्ला समन्वय समितिको खुल्ला उपाध्यक्षमा नविन कर्ण, समावेशी महिला उपाध्यक्षमा बविता साम्पाङ, सचिवमा हरि अधिकारी, सहसचिवमा ज्योति शर्मा, राजेश राजवंशी र कोषाध्यक्षमा बाबुराम मुडियारी रहेका छन् । सदस्यहरुमा पवन कुमार शाह, शिवहाङ राई, मौसम लिम्बू, सुरज ढुंगाना, आशिका लम्साल, ऋृषि राई, भगतराम चौधरी, सुमन कुरुम्बाङ, रामकुमारी राई र पुजन दास रहेका छन् ।

विराटनगर महानगर समितिको उपाध्यक्षमा अनिलश्रेष्ठ, सचिवमा प्रेम देवान, सहसचिवमा राकेश कर्ण र कोषाध्यक्षमा सुजतालिम्बू चयनभएका छन् । सदस्यहरुमा प्रियका यादव, जय कामत, विनोद मेहता, बबितालिम्बू, सुशिल साह, निरज चौधरी, राजकुमार मण्डल र पूजालम्साल रहेका छन् ।

यस्तै पूर्वी शाखा समितिको उपाध्यक्षमा डम्बर सेन्चुरी, सचिवमा सन्दिप राई र कोषाध्यक्षमा एलिना दियाली रहेका छन् । सदस्यहरुमा गोपाल नेपाली, सृजना धिमाल, संगीता चाम्लिङ, क्रान्ति लिम्बू, सुमन सुब्बा, सम्झना राई, अनिल विक्रम चौहान, महेश भट्टराई र संगीता चाम्लिङ रहेका छन् ।

केन्द्रीय सम्मेलनका लागि ४ जनाप्रतिनिधि छनौट गरेको छ । जसमा किशन शाही, विनु तिम्सिना, सत्यनारायण शर्मा र बबिता साम्पाङ राई रहेका छन् । प्रदेश प्रतिनिधिमा अनिलश्रेष्ठ, प्रेम देवान, सन्दिप राई, सुजाता लिम्बू, एलिना दियाली र राकेश कर्ण चयन भएका छन् ।

सम्मेलनमा पूर्व मन्त्री तथा राष्ट्रिय सभा सदस्य गोपी आछामी, प्रदेश सांसद तथा माओवादी केन्द्र मोरङका सह-इन्चार्ज कूल प्रसाद साम्बा, माओवादी मोरङका संयोजक गणेश उपेती (शुसिल), विराटनगरका सहइन्चार्ज हेम कार्की विशाल, संयोजक भोगेन्द्र यादव, प्रेस सेन्टरका केन्द्रीयकार्यालय सदस्य तथा पत्रकार महासंघ १ नम्बर प्रदेशका महासचिव विवेक गौतम, संगठनको १ नम्बर प्रदेश इन्चार्ज राजन केडी, प्रदेश संयोजक श्रीशीसा राईको उपस्थिति रहेको थियो ।

त्यसैगरी केन्द्रीय सदस्यहरू भक्तशेर लिम्बू, गणेश लम्साल, नवराज कट्टेल, सुरेश कार्की, सुजन तिम्सिना, प्रदेश सदस्यहरु विनोद घिमिरे, किशन शाही लगायतको उपस्थिति थियो ।

उक्त सम्मेलनलाई नेपाल पत्रकार महासंघ मोरङका अध्यक्ष संजीव खनाल, प्रेस चौतारी मोरङका अध्यक्ष सुदीप कोइराला, प्रेस युनियन मोरङका उपाध्यक्ष कौशल निरौला, संघीय प्रेस मञ्च मोरङका अध्यक्ष मुकेश यादव लगायतले पनि शुभकामना मन्तव्य राखेका थिए ।

माओवादी नेताहरु अछामि, लिम्बू, उप्रेती, यादव तथा प्रेस सेन्टरका नेता गौतम, प्रदेश इन्चार्ज केडी तथा संयोजक राईलगायतले प्रेस सेन्टरको आगामि भूमिको विषयमा निर्देशनात्मक मन्तव्य व्यक्तगर्दै सम्मेलन सफलताको शुभकामना व्यक्त गरेका थिए ।


## राष्ट्रिय जनगणना २०७८

तराई मधेशमा बहुसंख्यक जातजातिहरु पिछडावर्ग (ओविसी) र दलितका भाषिक पहिचान
जातजाती : आ-आफ्नो जातिको नाम
पुर्खाको भाषा : मगही कोड (२७),
मातृभाषा : मगही कोड (२७)
लेखाउन सबैमा हार्दिक अनुरोध गर्दछौ ।

अखिल नेपाल पिछडा वर्ग (ओविसी) महासंघ,
प्रदेश नं. १ विराटनगर





परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल
मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

## सम्पादकीय

# जनताको ढाड सेक्ने काम रोकौं

कुनै पनि देशको आम नागरिकले देशवाट सेवा सुविधा लिनकै लागि आम नगरिकवाटै चुनिएर पठाएको व्यक्तिलाई सरकार वनाउने अधिकार दिएको हुन्छ । त्यो सरकारले देशभरी वसोवास गर्ने विना विभेद गरी आम नेपाली दाजुभाईलाई सेवा सुविधा उपलब्ध गराउनु पर्ने सरकारको दायित्व हो तर नेपालमा बहुमत प्राप्त सरकारले नेपाली जनतालाई सेवा सुविधा र विकासको लहर फैलाउँछ भन्दै एमालेलाई दिएको दुई तिहायको वहुमतको सरकार जगबहादुर जस्तो चल्न चालेपछि फेरी पाँच पार्टीका मिलेर सरकार वनाएको छ । तर बहुमतले गर्न नसकेको काम मिलेर गर्न सकिन्छ कि भन्ने विश्वास लिएको नेपाली जनता अहिले निराश भएको छ । आम नेपाली नागरिकलाई सेवा सुविधा दिनुको सट्टा अहिलेको सरकार आम खाद्य सामग्रीहरुको मुल्य वृद्धि गर्दै पछिल्लो समय इन्धन र ग्यासको मुल्यमा गरेको वृद्धिले जनताको ढाड सेक्ने काम भएको छ । जनतालाई ढाड सेक्ने गरी भएको इन्धनको मूल्य वृद्धिको सर्वत्र विरोध भई रहेको छ । पेट्रोलियम पदार्थमा गरिएको मूल्य वृद्धि अविलम्ब फिर्ता लिन माग चौतर्फी बढेको छ ।

त्यसैगरी विपक्षी पार्टी लगायत आम नगरिकले आम्दानीको स्रोत देखाउनु नपर्ने, उद्योग सञ्चालन लगायतका क्षेत्रमा लगानी देखाउनु नपर्नेजस्ता आर्थिक अपचलनका कामहरुलाई समेत अविलम्ब फिर्ता लिन माग गरेका छन् । दुईवर्ष देखि कोरोना संक्रमणका कारण आर्थिक रुपमा थाला परेका नेपाली जनता माथि लादिएको करलाई हटाउन आवश्यक छ । ८४ रुपिया लिटरमा पाउने पेट्रोल नेपालमा १ सय ३४ कसरी पुग्यो त ? नेपालमा लाग्ने करमा छुट दिनुपर्छ । आम नेपाली नगरिकवाट रकम असुल्ने नाममा कर लगाएर जनतावाटै असुल उपर गर्नु कति जायज हो । आयल निगमले प्रत्येक वर्ष वोनस बाड्छन् । कर्मचारी तथा नेताहरुले अनावश्यक इन्धन खर्च गर्दछन् । तर पनि आयल निगम फाईदामा जान्छ । एक तिर संस्थाले वोनस वाड्ने अर्कोतिर जनताका ढाड सेक्ने गरी मुल्य वृद्धि गर्ने कदापी उचित मानिदैन ।

नेपाल सरकार जनता प्रति उत्तरदायि हुनु पर्छ न कि आम जनतालाई नै शोषण गरी आफु सुविधा भोगी बन्ने अहिले तीनै तहका राजनीतिक दलका जनताका प्रतिनिधीहरुले जनतालाई नै शोशन गरेका रकमवाट तलब भत्ता खाने गरेको छन् सत्तामा पुगेका राजनीतिक दलका नेताहरुले करौडौको गाडी चढेका छन् । बेफजुल खर्च गरेको छन् । प्राय तीन वटै तहका कार्यालयहरु वेरुजुमा परका छन् । सरकारमा वसेका व्यक्तिहरुले सत्ता र भत्ताका लागि मरि मेटेका छन् । के आम नेपाली जनताले सत्ता र भत्ताको लागि कर तिरेका छन् । नेताहरुलाई मौजमस्ती गर्न नेपाली नागरिकले कर तिरेका छन् । नेताहरुले सुविधा भोगी बन्दैगएको कारण आज देश आर्थिक संकटमा गुजरी रहेको छ । नेपालको आर्थिक अवस्था तहसनहस हुदै गएको जनताको जनप्रतिनिधीले जनताको सेवा पो गर्ने हो । जनताले खुन पसिना वगाएर तिरको करवाट तलव भत्ता खान पठाएको पक्कै होईन । त्यसले जनताको ढाड सेक्ने गरी भएको महगीलाई रोकौं, जनताको करवाट नेताहरुले मनमौजी नगरौ नत्र यसको परिणामले पछि पछुताउनु पर्ने हुन्छ ।

## साप्ताहिक राशिफल

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) : दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ । मनोरञ्जन र भ्रमणको योग छ ।**

**वृष (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो) : वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ ।**

**मिथुन (क, कि, कु, घ, ङ, छ, के, को, ह)** : युवा वर्गका लीगि रमाइलो वातावरणको अवसर मिल्ने छ। इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** : युवावर्गका लीग मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईकै हुने छ ।

**कन्या (टो, प, पी, पू, ष, ण, ठ, पे, पो)** : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन । बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ ।

**तुला (रा, री, रु, रे, रो, ता, ती, तु, ते)** :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला । काममा विघ्न वाधाहरु आउन सक्नेछन ।

**वृश्चिक (तो, ना, नि, नू, ने, नो, या, यि, यू) : बुद्धिको प्रभावले ठुला–ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ । मित्रहरको सहयोग राम्रो रहने छ ।

**धनु (यो, भा, भी, भू, ध, फा, ढ, भे)** : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ। व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ ।


**मकर (भो, जा, जी, जू, जे, ख, खि, खू, खे, गा, गी)** : धार्मिक उव समाजिक काममा मान स्म्मान मिल्ने योग छ । महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ ।

**कुम्भ (गु, गे, गो, सा, सी, सु, से, सो, द) :सानो तिनो चोटपटकको सम्भावना र हेकाले सतर्कता अपनाउनु होला । भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ ।**

**मीन (दी, दु, थ, झ, ञ, दे, दो, च, ची)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईकै हुने छ ।

# न्यायपालिकाको संकटका जडहरु

तेज बहादुर केसी




न्यायपालिका सधैं जोखिमको अवस्थाबाट गुज्रिरहेको हुन्छ। प्रधानन्यायाधीशले दोश्रो संसद विघटनको मुद्दामा संसद पुनर्स्थापना गरी निवेदकलाई ७४ घण्टाभित्र प्रधानमन्त्री पदमा नियुक्ति गर्नु भनी जारी गरेको परमादेशको सट्टामा सौदावाजी गरी आफ्नो जेठान नाताका व्यक्तिलाई मन्त्री पदमा नियुक्ति गर्न आग्रह गरी नियुक्त गरिएको भन्ने आरोपबाट सृजना भएको विवादले प्रधानन्यायाधीशको राजीनामा माग्ने तहसम्म पुगेको अवस्था छ ।

मन्त्रिमण्डलमा भागबण्डा खोजेको भन्ने बाहिरी आरोप भए पनि उनले आफ्नो कार्यकाल अवधिमा गरेका अन्य केही कार्यहरु पनि यही अवस्थामा जोडेर उनीसँग राजीनामा माग गरिएको छ। उनले राजीनामा नदिने भनेका छन्, राजनीतिक दलहरु महाभियोग लगाउने पक्षमा छैनन्। कानून व्यवसायीको छाता संगठन बार, कानून र न्याय क्षेत्रका बुद्धजीवीहरु प्रधानन्यायाधीशको बहिर्गमनको पक्षमा रहेका छन्।

प्रधानन्यायाधीशको पद स्वतन्त्र र निष्पक्ष रहनुपर्ने भनिए पनि विभिन्न अवस्थाले यसको स्वतन्त्रता र निष्पक्षतामा अवरोध भइरहने गर्दछ। अवरोध सृजना गर्ने प्रारम्भिक अवस्था संवैधानिक परिषद र सुनुवाइको अवस्थाबाट शुरुवात हुन जान्छ। प्रधानन्यायाधीशलाई सिफारिश गर्ने संवैधानिक परिषदमा सबै जना राजनीतिक दल र राजनीतिक व्यक्ति हुने गर्दछन् ।

प्रधानन्यायाधीशसँगको विरोध र लडाइ जे जस्तो निष्कर्षमा पुगे पनि उनीसँगको विरोध, अविश्वास र लडाइको कारणले अदालत र इजलासलाई लामो समयसम्म बन्धक राख्न किञ्चित पनि उपयुक्त हुँदैन ।

प्रधानन्यायाधीशको नियुक्तिको सिफारिशमा ऊ आफ्नो पक्ष, हितकारी र सहयोगी हो, होइन ? भनी शुरुमै हेर्ने, बुझ्ने र परीक्षण गर्ने गरिन्छ। न्यायपालिका भित्र सर्वोच्च अदालतमा न्यायाधीश नियुक्त भइसकेपछि कायम हुने वरिष्ठताको आधारमा प्रधानन्यायाधीश नियुक्त हुने प्रचलन रहेको छ। यो प्रचलनमा कतैबाट हस्तक्षेप हुन गए न्यायपालिकाको स्वतन्त्रता उपर हस्तक्षेप हुन गएको मानिन्छ ।

सिद्धान्तमा स्वतन्त्र न्यायपालिका भन्ने गरिए र त्यसको प्रावधान विविध प्रकृतिबाट संविधानमा राखिए पनि व्यवहारमा त्यसको कार्यान्वयन गर्दा कतिबेला कहाँनिर न्यायपालिकाको स्वतन्त्रताको सन्दर्भमा असहज अवस्था बन्छ, केही निश्चितता हुँदैन। न्यायपालिकालाई असहज अवस्था बनाउने अर्को आधार संवैधानिक विवादका राजनीतिक मुद्दाहरु र कार्यपालिकाले गर्ने गरेको नियुक्ति, पदबाट हटाउने निर्णय, विकास निर्माण र राजश्वको कार्य र निर्णय उपरका हुने गर्दछन् ।

यस्ता मुद्दामा सरकारले जसरी पनि आफ्नो पक्षमा निर्णय हुनुपर्ने विचार र चासो राखिरहेको र न्यायपालिका भित्र आफ्नो सक्रियता पनि अपनाउँदै आएको हुन्छ। यी यस्ता प्रकृतिका मुद्दाहरुमा आफ्नो पक्षमा निर्णय नहुने वित्तिकै सरकार असन्तुष्ट बन्न पुग्छ। अनि न्यायालय सरकारको विरुद्धमा गयो, न्यायालयले सरकारलाई असहयोग गर्यो, न्यायालयको निर्णयले विकास निर्माणको कार्यमा बाधाअवरोध पर्न गयो, सरकारले विकास निर्माण लगायत अन्य कार्यहरु गर्न पाएन, न्यायालयले राजनीतिक प्रश्नका मुद्दामा हात हाल्यो भन्ने दृष्टिकोणबाट आलोचना शुरु हुन लाग्छ। सरकारले अदालत, प्रधानन्यायाधीश र न्यायाधीशहरु आफ्नो अन्तर्गतका निकाय र पदाधिकारी हुन् भन्ने जस्तो ठान्ने र अदालत र न्यायाधीशहरुले न्यायपालिका राज्यको वेग्लै स्वतन्त्र अङ्ग हो भन्ने अवधारणा बीच तालमेल मिल्न गाह्रो भैरहेको हुन्छ ।

न्यायपरिषद् र न्यायाधीश नियुक्ति न्यायपालिकाभित्रको अर्को समस्या हो। न्यायपरिषद्को संरचनाले प्रधानन्यायाधीशले राखेको नियुक्तिको प्रस्तावमा सहमति हुने अवस्था छैन भने न्यायपरिषद्को कामकारबाही, निर्णय र नियुक्तिमा प्रधान न्यायाधीशले जिम्मेवारी लिनुपर्ने स्थिति छ। परिषदको निर्णयको कार्य प्रणाली सबैको विचार र सहमतिले निर्णय हुने प्रजातान्त्रिक पध्दतिमा आधारित छ भने जिम्मेवारी भने प्रधानन्यायाधीशको हुने स्थितिले प्रधानन्यायाधीशले अरुको विचार र सहमतिको पनि अवगाल व्यहोर्नुपर्ने स्थिति रहेको छ ।

समयमा न्यायाधीश नियुक्ति नहुँदा अदालत खाली हुन जान्छ, नियुक्ति गर्न सहमति जुट्दैन । न्यायाधीश नियुक्तिमा परिषदमा उपयुक्तताको आधारमा सहमति हुने पध्दति नै छैन। न्यायाधीश नियुक्तिमा कार्यपालिका, राजनीतिक दल, अदालतभित्रका न्यायाधीश, नेपाल र सर्वोच्च बार र कानून व्यवसायी समेतको दबाव र सिफारिश रहने गर्दछ। योमध्ये प्रमुख दबाव कार्यपालिका र राजनीतिक दलहरुको नै हुन जान्छ। अदालतभित्रबाट राजनीतिक शक्तिसँग नजिक भएका र नभएका प्रधानन्यायाधीश हुने त्यस्ता न्यायाधीशको एउटा दुइटा सिफारिश पनि पर्ने गरेका हुन्छन् ।

न्यायाधीश सरुवा र जिल्लाबाट उच्चमा र उच्चबाट सर्वोच्च अदालतको न्यायाधीश पदमा र साथै रजिष्ट्रार र मुख्य रजिष्ट्रारबाट न्यायाधीश पदमा नियुक्त गर्ने कार्यमा पनि सबैको सार्थक चासो रहेको हुन्छ। मुख्य रजिष्ट्रारबाट मुख्य न्यायाधीश र त्यो हुँदै सर्वोच्च अदालतको न्यायाधीशमा नियुक्त हुनुहुँदैन भन्ने दुवै बार र अदालतभित्र पनि केही न्यायाधीशहरुको भिन्न मत रहेको छ ।

बार कानून व्यवसायीबाटै प्रधानन्यायाधीश हुने गरी सर्वोच्च अदालतमा न्यायाधीश नियुक्त हुनुपर्छ भन्ने बलियो मतको पक्षमा रहेको छ। उच्च अदालतमा न्यायाधीश नियुक्ति भएको केही वर्षमै राजनीतिक शक्तिसँगको पहुँचका आधारमा मुख्य न्यायाधीश र सर्वोच्च अदालतको न्यायाधीश पदमा नियुक्ति हुन पनि त्यतिकै होडबाजी चलिरहेको हुन्छ। न्यायाधीश नियुक्तिमा कुनै स्थायी नीतिगत मापदण्ड नभएको हुँदा समयको अवस्था र परिस्थितिले कस्तो र कसको कति व्यक्ति न्यायाधीशमा नियुक्ति हुन्छन् भन्ने कुरालाई निर्धारण गर्दछ ।

प्रधानन्यायाधीशसँग सम्बन्धित अर्को विषय मुद्दाको पेशी तोक्ने र त्यसबाट नाजायज फाइदा लिने गर्दछन् भन्ने हो। केही खास मुद्दामा कार्यपालिका सरकारको पनि चासो रहन्छ। त्यसरी नै मुद्दाको पक्ष, तिनलाई डोऱ्याउने व्यक्ति र कानून व्यवसायी समेतले निरन्तर चासो र सरोकार राखिरहेको हुन्छन्। यी सबै अवस्था प्रधानन्यायाधीशले पेशी तोक्ने कार्यमा आएर दबाव पर्न र ठोक्किन पुग्छ ।

सबै अवस्थामा सबै मुद्दामा कसैको पक्षमा मात्र निर्णय वा आदेश हुनसक्ने अवस्था रहँदैन। त्यसो हुन नसक्दा इजलासलाई भनेर, मिलाएर फैसला आदेश गऱ्यो, सेटिङ्गमा न्यायाधीश भए, सेटिङ्गमा मुद्दाको फैसला हुन्छ भन्न थाल्छन्। कसैको केही कुरा सुनिहाल्न पनि सधैंभरि र हरेक पटक सम्भव हुँदैन, नसुनी स्वतन्त्र र निष्पक्ष भएर इजलास गठन गर्ने लगायत अन्य कार्यहरु गऱ्यो भने मेरो कुरा सुनेन, मैले भनेको मानेन, मलाई वास्ता गरेन, मेरो काम गरिदिएन भन्ने असन्तुष्टहरुको जमात बढ्दै जान थाल्छ। यसरी मुद्दा बारे कुरा सुन्दा र मुद्दा सिफारिश गर्नेको कुरै नसुन्दा अन्ततः दुवै पक्ष विरोधी हुन पुग्छन् ।

न्यायपालिका भित्र र सरोकार संस्था बारले गोला प्रथा लागू गरिदिएन पनि भन्ने, लागू गर्न पनि सक्रिय हुन नखोज्ने र यो प्रक्रियाबाट पनि इजलास सुचारु नहोस् भन्ने प्रवृत्तिले न्यायपालिकाको संकटलाई

वांकी ५ पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

### अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

# लागुऔषध मुद्धाका फरार प्रतिवादी पक्राउ

विराटनगर। लागु-औषध मुद्धाका फरार प्रतिबादी सुनसरी धरान उपमहानगरपालिका वडा नं. ३ पुरानोबजारको ३१ बर्षीय आकाश भन्ने कमल सहनीलाई पक्राउ गरि कारागार चलान गरिएको छ।

सम्मानित सुनसरी जिल्ला अदालतबाट मिति २०७४ असार ७ गतेको सजाय निर्धारण फैसला आदेशले क्रमश: १ बर्ष १० महिना १५ दिन कैद र १ लाख जरिवाना भई लगत नं.- ८०२४ मा कैद तथा जरिवाना बेरुजु रहि असुल गर्न बाँकी रहेको थियो।

सहनीलाई १ नम्बर प्रदेश प्रहरी कार्यालय, रिट समुहबाट खटिएको प्रहरी टोलीले खोजत लास गर्ने क्रममा गाउँघरमा नै लुकिछिपी बसेको अबस्थामा पक्राउ गरि सम्मानित सुनसरी जिल्ला अदालतबाट कैद भुक्तानको लागी कारागार चलान गरेको प्रहरीले जनाएको छ।

त्यसैगरी लागुऔषध मुद्दामा कैद तथा जरिवाना फैसला भई फरार रहेका १ जना फरार प्रतिवादीलाई पक्राउ गरी कारागार चलान गरिएको छ।

पक्राउ पर्नेमा सम्मानित जिल्ला अदालत सुनसरीको २०७६/२/२९ गतेको फैसला आदेशले ९ महिना २७ दिन कैद र ५० हजार जरिवाना सजाय तोकिएका धरान उप-महानगर पालिका वडा नं. १६ का ३१ बर्षिय रुपेश सापकोटा रहेका छन्।

लागुऔषध मुद्दामा फैसला भएता पनी हाल सम्म फरार रहदै आएका उनिलाई १ नम्बर प्रदेश प्रहरी कार्यालय र प्रादेशिक अनुसन्धान रिट समुहबाट खटिएको प्रहरी टोलीले पक्राउ गरेको थियो। पक्राउ परेका उनलाई सम्मानित सुनसरी जिल्ला अदालत सुनसरीमा उपस्थित गराई तोकिएको कैद भुक्तानको लागी क्षेत्रीय कारागार झुम्का पठाईएको छ।

# चक्कु प्रहार गरी दाजुको हत्या

ईलाम। इलाम सन्दकपुर गाऊपालिका वडा नं. १ ,चाँपगैरीका ३० बर्षीय चक्र मुखियाले चक्कु प्रहार गरी आफ्नै दाजुको हत्या गरेका छन्।

मंगलवार काका मान बहादुर मुखियाको घरमा बसी मादक पदार्थ सेवन गरी सामान्य बिबाद हुंदा उनले दाजु ३५ बर्षीय ईच्छा मुखियालाई चक्कु प्रहार गर्दा घटनास्थलमानै मृत्यु भएको थियो।

घटनाको जानकारी पाए लगतै प्रहरी चौकी बन्दुके र अस्थाई प्रहरी चौकी बिप्लाटेबाट प्रहरी टोली खटि गई चक्कु सहित चक्र मुखियालाई पक्राउ गरेको थियो। घटना सम्बन्धमा जिल्ला प्रहरी कार्यालय ईलामले थप अनुसन्धान गरिरहेको छ।

# लागुऔषध सहित एक जना पक्राउ

विराटनगर। मोरङको बिराटनगर महानगरपालिका वडा नं. १६ दरैया स्थितबाट लागूऔषध सहित एक जनालाई सोमबार पक्राउ गरिएको थियो। पक्राउ पर्नेमा गोर्खा सहिद गाऊपालि का वडा नं. ७ का २२ बर्षीय मनिष श्रेष्ठ रहेको थियो।

ईलाका प्रहरी कार्यालय रानीबाट खटिएको प्रहरी टोलीले उनलाई नाईट्राभेट २ सय ८४ ट्याब्लेट, डाईजापाम ७७ एम्पुल, लुपिजेसिक ७७ एम्पुल र एभिल २३ एम्पुल सहित पक्राउ गरिएको थियो।

पक्राउ परेका उनको ईलाका प्रहरी कार्यालय रानीबाट थप अनुसन्धान भईहेको छ।


## कोरोना (C0VID–19) भाइरसका बारेमा जनहितमा जारी सूचना

**१. कसरी सर्छ कोरोना भाईरस ?**

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

**२. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन्**

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु।

**3. यसबाट बच्न के–के गर्ने ?**

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने।

कटहरी गाउँपालिका मोरंग प्रदेश नं. १





# हरिबोधिनी एकादशी अर्थात तुलसी विवाह घर-घरमा पुजापाठ गरी सम्पन्न्

विराटनगर। हरिबोधिनी एकादशी अर्थात तुलसी विवाह हिन्दुधर्मालम्बीहरुले घर-घरमा तुलसीको पूजापाठ गरी सम्पन्न भएको छ।

कार्तिक शुक्ल एकादशीका दिनमा भगवान् विष्णुको प्रतीकका रुपमा तुलसीको दामोदरसँग विवाह र विशेष पूजा गरी मनाइने हरिबोधिनी एकादशी पर्व पूजापाठ गरी सम्पन्न गरेका छन्।

हरिशयनी एकादशीका दिन घरघरमा रोपेर राखेको तुलसीको विशेष पूजा गरिन्छ। गाईको गोबर र रातो माटोले पोतेर सिँगारी फूल मालाले सजाएर विवाह गरिन्छ। तुलसी विष्णुप्रिया भएकाले यस दिन तुलसीको दामोदरसँग विवाह गर्ने परम्परा बसेको हो। तुलसीको मठ नजिकै विष्णुको प्रतीकका रुपमा निगालाको लिङ्ग गाडेर विधिपूर्वक पूजा गरिन्छ। कार्तिक महिनाभर सबै देवदेवी तुलसीमै निवास गर्छन् भन्ने धार्मिक विश्वास छ।

आषाढ शुक्ल एकादशी अर्थात् हरिशयनी एकादशीका दिनमा क्षीरसागरमा सुतेका विष्णु ब्यूँझिने भएकाले एकादशीलाई हरिबोधिनी वा प्रबोधिनी एकादशी पनि भनिन्छ। हरिशयनी देखि हरिबोधिनी एकादशीका दिनसम्म चार महिना विष्णुका भक्तले तुलसीको व्रत गरी विशेष पूजा गर्दछन्।

विष्णु क्षीर सागरमा सुतेकाले यी चार महिना विवाह व्रतबन्ध जस्ता माङ्गलिक कार्य नगरिने परम्परा छ। यस समयमा खोला, नदीनालामा बाढीपहिरो आउने र



सर्पजस्ता जीवको भयका कारण यात्रा नगर्नु शुभ मानिन्छ।

आदिकालदेखि पूजाको परम्परा बसेको तुलसीको महिमा वैज्ञानिक रुपमा पनि लाभदायक प्रमाणित भएको छ। यसैले तुलसीको मठ हुने घरलाई तीर्थ समान मानिन्छ। तुलसीको सुगन्धले दश दिशा पवित्र हुन्छ भनिन्छ। तुलसीको पूजा गरिएको घरमा यमदूत पनि पस्दैनन् भन्ने आस्थाका कारण हिन्दू धर्मावलम्बीले घरमा तुलसीको मठ बनाउँछन्।

तुलसीको पात, डाँठ, वा फूलको रस रुघाखोकी र औलो लगायत रोगका लागि औषधि हुन्छ। यो रस शरीरमा लगाएर सुतेमा लामखुट्टेले टोक्दैन। तुलसीको मठ भएको स्थल वरपर विषालु सर्प पनि आउँदैन। मठको वरपर बहने हावाले विषालु कीटाणुलाई नष्ट गर्दछ। शरद ऋतुभर सबै प्राणीका लागि तुलसीलाई महा औषधि मानिन्छ।

तुलसीबाट बनेको चिया मानव शरीरमा रोग प्रतिरोधी क्षमता वृद्धि गर्न उपयुक्त मानिन्छ। कोरोनाबाट बच्न तुलसीको चिया नियमित सेवन गर्नाले लाभ मिल्ने आयुर्वेदका चिकित्सकहरुले वताउँछ।

कार्तिक महिनामा तुलसीको माला लगाउँदा र एक लाख तुलसी पत्र विष्णुलाई अर्पण गर्दा मनोकाङ्क्षा पूरा हुन्छ भन्ने विश्वास छ। गरुड पुराणमा उल्लेख भएअनुसार यस महिनामा एउटा तुलसी पत्र भगवान् विष्णुलाई अर्पण गर्दा १० हजार गाई दान गरे बराबरको फल मिल्दछ।

तुलसी विवाहको अवसरमा भगवान् विष्णुको मूर्तिलाई रथमा राखी यात्रा गराउने प्रचलन पनि छ। रात्रिमा 'गोविन्द उठ्नूस् तपाईं सुते जगत् सुत्छ, तपाईं उठे जगत् उठ्छ' भन्दै शङ्ख, घन्ट र ढोल बजाएर विष्णुलाई जगाउने गरिन्छ। यसको प्रतीकका रुपमा मानवका पाँच ज्ञानेन्द्रिय र पाँच कर्मेन्द्रिय एवम् मन गरी एघार वटालाई जित्न उपयोग गरिने शास्त्रीय मान्यता छ।

किसानले उखुको बोट मठमा गाड्छन्। आजको दिन अन्न खान नहुने भएकाले सखरखन्ड, पिँडालु र वनतरुल उसिनेर फलाहार गरिन्छ। यसरी व्रत गरेमा पापको नाश भई पुण्य वृद्धि हुने र मोक्ष प्राप्ति हुन्छ भन्ने धार्मिक विश्वास छ। ठूलो एकादशी पनि भनिने आजको एकादशी व्रतले हजार अश्वमेध यज्ञ तथा राजसूय यज्ञ गरे बराबरको फल पाइने शास्त्रीय मान्यता छ।

कार्तिक महिनामा भगवान् विष्णुलाई भक्तिपूर्वक सम्झी गरिएको स्नान, दान, जप र होमले फल पाइने एवम् सय जन्मका पापबाट मुक्ति मिल्ने प्रसङ्ग विभिन्न ग्रन्थमा वर्णन गरिएको छ।

# ३५ वर्षको उमेरपछि गर्भधारण जोखिमपूर्ण

कुनै पनि महिलाको लागि गर्भधारण गर्ने सही समय हो २५ देखि ३५ वर्षको उमेर। कम जोखिममा गर्भधारण र सहज तरिकाले सुत्केरी गराउनका लागि महिलाहरुले समयमा नै विवाह र बच्चाको योजना बनाउनुपर्छ। तर पछिल्लो समयको व्यस्त जीवनशैली र बदलिँदो संस्कृतिका कारण महिलाहरु ढिला गरी विवाह गर्न चाहन्छन्। जसले गर्दा बाँझोपन वा अन्य अनुवांशिक समस्या देखिने जोखिम बढी हुन्छ।

प्रसूति रोग विशेषज्ञ डा. बालकृष्ण साह ३५ वर्षभन्दा माथिको उमेरमा गर्भधारण गर्दा विभिन्न अनुवांशिक रोगहरु लाग्ने गरेको बताउँछन्। त्यसैले उचित समयमा बच्चा जन्माउने योजना बनाउनुपर्ने उनको सुझाव छ।

३५ वर्षको उमेरपछि महिलाहरुमा विभिन्न स्वास्थ्य समस्या देखिन थाल्छ। गर्भ राख्नको लागि महिला स्वस्थ रहनु जरुरी छ। ३५ वर्षको उमेरपछि गर्भधारण गर्दा त्यसमा खतराको दर २० प्रतिशत बढ्ने गरेको विभिन्न अध्ययनले देखाएको छ।

पछिल्लो समय दम्पतीमा ढिलागरी गर्भधारण गर्ने चलन बढेसँगै यसले जोखिम पनि बढाएको डा. साह बताउँछन्। ढिलागरी गर्भधारण गर्दा मानसिक रुपमा बच्चा सम्हाल्न सकेपनि उमेर बढ्दै गएपछि शारीरिक रुपमा महिलाहरु कमजोर हुने हुँदा गर्भ सम्हाल्न मुस्किल हुने चिकित्सकहरु बताउँछन्।

कुनै पनि विद्यमान रोग नभए पनि ३० वर्षको उमेरपछि गर्भधारण गर्दा विभिन्न दीर्घरोगको जोखिम बढ्छ। व्यस्त जीवनशैली र बढ्दो उमेरले जोखिमपूर्ण गर्भधारणको सम्भावना बढाउँछ। अध्ययनका अनुसार सामान्यतया २० वर्ष मुनिका र ३५ वर्षभन्दा माथिका महिलाहरूमा गर्भावस्था जोखिमपूर्ण हुन सक्छ। समयसँगै अण्डाको संख्या र गुणस्तर घट्दै जाने भएकाले ३० देखि ४० वर्षका महिलाहरूमा गर्भपतन हुने सम्भावना बढी हुन्छ। ३० देखि ४० वर्षको उमेरमा हुने गर्भावस्थाले आमा र बच्चाको लागि जोखिम बढ्न जान्छ।

३५ वर्षको उमेरपछि हुने गर्भावस्थामा सामान्यतया गर्भपतन, क्रोमोसोमलमा हुने असामान्यता अवस्था, बढ्दो रक्तचाप र गर्भावस्थाको मधुमेहजस्ता जोखिम बढी हुन्छ।

जोखिम हुँदाहुँदै पनि ३५ वर्षपछि गर्भ नै नबस्ने भने होइन। तर यो उमेरपछि धेरै ख्याल गर्नुपर्ने हुन्छ। यदि तपाईंले ३५ वर्षको उमेरपछि गर्भधारण गर्ने निर्णय गर्नुभयो भने सुरक्षित गर्भावस्थाको लागि स्वस्थ जीवनशैली अपनाउनुपर्ने हुन्छ।

पहिले नै उच्च रक्तचाप, अटोइम्युन रोग, मधुमेह, यौन सञ्चारित रोग (एसटीडी), मृगौलामा समस्या र हृदयरोग भएका महिलाहरूमा गर्भावस्थामा जटिलताको जोखिम बढी हुन्छ। ३५ वर्षको उमेरअघि गर्भपतनको जोखिम १५ प्रतिशतसम्म हुन्छ भने ३५ वर्षपछि गर्भधारण गर्दा २० प्रतिशतसम्म जोखिम बढ्छ।

महिलाहरूको अण्डाशयमा सीमित संख्यामा अण्डा हुन्छ। उमेर बढ्दै जाँदा यी अण्डाको मात्रा घट्दै जान्छ, जसले सजिलै गर्भधारण हुनबाट रोकिन्छ। ३५ वर्षको उमेर पुगेका गर्भवतीहरूमा समयपूर्व प्रसव, गर्भावस्थाको मधुमेह र उच्च रक्तचापको जोखिम बढी हुन्छ। यस्तो उमेरमा डाउन सिन्ड्रोम, गर्भपतन जस्ता समस्या हुने सम्भावना धेरै हुन्छ।

गर्भावस्थासँग सम्बन्धित जोखिम कसरी जाँच गर्ने ?

भ्रूणमा हुने कुनै पनि असामान्य समस्याको जाँच गर्न अल्ट्रासाउन्ड गराउनुपर्छ। अहिले विभिन्न प्रविधिको प्रयोगबाट प्रसवपूर्व नै विभिन्न अनुवांशिक रोगहरु पत्ता लगाउन सकिन्छ। जसको शुरुवात पछिल्लो समय प्रसूति गृहमा पनि भएको छ। बायोफिजिकल परीक्षणहरू, जस्तै भ्रूणको मुटुको धड्कनको जाँच आदिबाट पनि यसको जानकारी प्राप्त गर्न सकिन्छ। रगत र पिसाब परीक्षण गरेर पनि यसको जाँच गर्न सकिन्छ।



## दुर्घटनामा ४ को मृत्यु १२ घाइते

ओखलढुङ्गा । ओखलढुङ्गाको सुनकोशी गाउँपालिका वडा नं. ९ बुलडाँडामा सोमबार भएको बलेरो दुर्घटनामा परी ४ जनाको मृत्यु भएको थियो भने १२ जना घाईते भएका थिए ।

ओखलढुङ्गाको च्यामनबाट ककनी मन्दिर तर्फ दर्शनार्थी बोकेर जाँदै गरेको प्रदेश-३-०१-०२२ च ९६९४ नंम्बरको बोलेरो गाडी आफै अनियन्त्रीत भई सडकबाट अन्दाजी ५ सय मिटर तल खसेर दुर्घटना हुँदा ४ जनाको मृत्यु तथा १२ जना घाइते भएका थिए ।

दुर्घटनामा परी सिद्धिचरण नगरपालिका वडा नं. १० बस्ने ३५ बर्षीया मिठुमाया मगर, १६ बर्षीया तुलसा मगर, १९ बर्षीय खगेन्द्र मगर र ३६ बर्षीया शान्तामाया मगरलाई उपचारको लागी अस्पताल लैजाने क्रममा बाटोमा नै मृत्यु भएको थियो ।

दुर्घटनामा परी घाईते भएका मध्ये ४ जनालाई मुस्ताङको एयरको हेलिकोप्टरद्धारा काठमाण्डौ पठाईएको, ३ जनाको स्वास्थ्य चौकी कटुन्जेमा उपचार भईरहेको र अन्य घाईतेहरुलाई मिशन अस्पताल पठाईएको थियो ।

जिल्ला प्रहरी कार्यालय ओखलढुङगाले घटना सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

## लागू औषध सहित चार पक्राउ



विराटनगर । उदयपुर र मोरङबाट प्रहरीले लागूऔषध सहित ४ जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा उदयपुर त्रियुगा नगरपालिका वडा नं. १० का ३५ बर्षीय पेशस घिमिरे, त्रियुगा नगरपालिका वडा नं. १२ का २१ बर्षीय बिष्णु साह र सुनसरी दुहबी नगरपालिका वडा नं. ३ का २३ बर्षीय शिवा चौधरी रहेका छन् ।

सोमबार जिल्ला प्रहरी कार्यालय उदयपुरबाट खटिएको प्रहरी टोलीले त्रियुगा नगरपालिका वडा नं. ११ बैकलाईनबाट घिमिरे र साहलाई लागूऔषध नाईट्राभेट २ सय २५ ट्याब्लेट र १ सय ग्राम गाँजा सहित पक्राउ गरेको थियो ।

लागूऔषध नियन्त्रण ब्युरो विराटनगरबाट खटिएको प्रहरी टोलीले विराटनगर महानगरपालिका वडा नं. १५ स्थित २ नम्बर ढाटबाट चौधरीलाई डाईलेक्स डिसी ३ बोतल र नाईट्रोसन १ सय ट्याब्लेट सहित पक्राउ गरेको थियो । पक्राउ परेका तिनै जना उपर थप अनुसन्धान भईरहेको छ ।






## क्या है कृष्णा और मोरपंखका संबंध, जानिए रोचक कथा

अनिरुद्ध जोशी



भगवान श्रीकृष्ण को मोर मुकुट धारी कहा जाता है क्योंकि वे अपने मुकुट पर मोर पंख धारण करते थे । मोरपंख धारण करने के पांच कारण बताए जाते हैं, लेकिन हमें तो मात्र एक कारण ही समझ में आता है । आओ जानते हैं मोर पंख धारण करने की कथा ।

१.राधा की निशानी : महारास लीला के समयराधा ने उन्हें वैजयंती माला पहनायी थी । कहते हैं कि एक बार श्रीकृष्णराधा के साथ नृत्य कररहे थे तभी उनके साथ ही झूमकर नृत्य कररहे एक मोर का पंख भूमि पर गिर गया तो प्रभु श्रीकृष्ण ने उठाकर उसे अपने सिर पर धारण कर लिया । जबराधाजी ने उनसे इसका कारण पूछा तो उन्होंने कहा कि इन मोरों के नाचने में उन्हेंराधाजी का प्रेम दिखता है । कहते हैं कि श्रीराधारानी के यहां बहुत सारे मोर थे । यह भी कहा जाता है कि बचपन से ही माता यशोदा अपने लल्ला के सर इस मोर पंख को सजाती थीं । वैजयंती माला के साथ ही मोर पंख धारण करने की एक बड़ी वजहराधा से उनका अटूट प्रेम है । मात्र इस एक बात के अलवा अन्य बातें सिर्फ मनमानी है ।

२. जीवन के सभीरंग : मोर पंख में सभीरंग समहाहित है । भगवान श्रीकृष्ण का जीवन कभी एक जैसा नहींरहा । उनके जीवन में सुख और दुख के अलावा कई अन्य तरह के भाव भी थे। मोर पंख में भी कईरंग होते हैं । यह जीवनरंगीन है लेकिन यदि आप दुखी मन से जीवन को देखेंगे तो हररंग बेरंग लगेगा और प्रसन्न मन से देखेंगे तो यह दुनिया बहुत ही सुंदर है बिल्कुल मोरपंख की तरहा ।

३. ग्रह दोष : कई ज्योतिष विद्वान मानते हैं कि भगवान श्रीकृष्ण ने यह मोरपंख इसलिए धारण किया था क्योंकि उनकी कुंडली में काल सर्प दोष था । मोर पंख धारण करने से यह दोष दूर हो जाता है, लेकिन जो जगत पालक है उसे किसी काल सर्प दोष का डर नहीं ।

४. ब्रह्मचर्य का प्रतीक : कई लोग यह मानते हैं कि मोर ब्रह्मचर्य का प्रतीक है । मोर पूरे जीवन एक ही मोरनी के संगरहती है । मोरनी का गर्भ धारण मोर के आंसुओ को पीकर होता है। अत : इसीलिए इतने पवित्र पक्षी के पंख को स्वयं भगवान श्री कृष्ण अपने मष्तक पर धारण करते हैं ।

५. शत्रु और मित्र समान : कहते हैं कि भगवान श्रीकृष्ण मोर पंख धारण करके यह संदेश देना चाह ते हैं कि मेरे लिए दोनों ही समान है। श्रीकृष्ण के भाई शेषनाग के अवतार थे और मोर तो नाग का शत्रु होता है । मोरपंख को माथे पर लगा कर उन्होंने यह बताया है कि मित्र और शत्रु के लिए उनके मन में समभाव है ।

## इन १० शुभ प्रतीकों के बिना अधुरे है श्याम

भगवान श्रीकृष्ण का रूप अनोखा है । करुपदेश का राजा पौंड्रक भी श्रीकृष्ण जैसे ही रूप रखकर खुद को वह विष्णु का अवतार मानता था । आओ जानते हैं श्रीकृष्ण के शुभ प्रतीकों के बारे में ।

१. बांसुरी : ढोल मृदंग, झांझ, मंजीरा, ढप, नगाड़ा, पखावज और एकतारा में सबसे प्रिय बांस निर्मित बांसुरी भगवान श्रीकृष्ण को अतिप्रिय है । इसे वंसी, वेणु, वंशिका और मुरली भी कहते हैं । बांसुरी से निकलने वाला स्वर मन-मस्तिष्क को शांति प्रदान करता है । जिस घर में बांसुरी रखी होती है वहां के लोगों में परस्पर तो बना रहता है साथ ही सुख-समृद्धि भी बनी रहती है ।

२. मोर पंख : मोर पंख भगवान कार्तीकेय का प्रतीक है । हिंदू धर्म में मोर को धन की देवी लक्ष्मी और विद्या की देवी सरस्वती के साथ जोड़कर देखा जाता है । भगवान श्रीकृष्ण मोर पंक्ष को अपने मुकुट में लगाते हैं । मोर पंख को बांसुरी के साथ घर में रखने से रिश्तों में प्रेम रस घुल जाता है । हिन्दू धर्म में मोर के पंखों का विशेष महत्व है । मोर के पंखों में सभी देवी-देवताओं और सभी नौ ग्रहों का वास होता है ।

३. गाय : भगवान श्रीकृष्ण एक गोपालक थे । गाय उनका सबसे प्रिय पशु है । उन्हीं के कारण गोपद्मम व्रत, गोवत्स द्वादशी व्रत, गोपाष्टमी आदि व्रत एवं त्योरार मनाए जाते हैं । भगवान श्रीकृष्ण ने गाय के महत्व को बढ़ाने के लिए गाय पूजा और गौशालाओं के निर्माण की नए सिरे से नींव रखी थी । भगवान बालकृष्ण ने गाएं चराने का कार्य गोपाष्टमी से प्रारंभ किया था । हिन्दू धर्म के अनुसार गाय में ३३ कोटि देवी-देवता निवास करते हैं ।

४. वैजयंती माला : वैजयंती के फूल और माला अति शुभ और पवित्र है । भगवान विष्णु और लक्ष्मी को यह अति प्रिय है । श्रीकृष्ण को यह माला अत्यन्त प्रिय है । भगवान श्रीकृष्ण हमेशा अपने गले में इसे धारण करते थे ।

५. माखन मिश्री : भगवान श्रीकष्ण को माख और मिश्री भी बहुत ही प्रिय है । उन्हें माखन और मिश्री का भोग लगाने से वे प्रसन्न हो जाते हैं ।

६. पीतांबर वस्त्र : भगवान श्रीकृष्ण को पीतांबरधारी भी कहा जाता है क्योंकि वह पीतांबर वस्त्र पहनते हैं । पीतांबर अर्थात पीले रंग का वस्त्र । यह रंग बृहस्पति का रंग भी है ।

७. सुदर्शन चक्र : भगवान श्रीकृष्ण को चक्रधारी भी कहते हैं। महाभारत काल में मात्र उन्हीं के पास चक्र था जिसे सुदर्शन चक्र कहते हैं । कहते हैं कि यह चक्र उन्हें भगवान परशुराम से मिला था। हालांकि वे तो स्वयंव विष्णु ही है ।

८. चंदन : चंदन मुख्यत: कई प्रकार के होते हैं-हरि चंदन, गोपी चंदन, सफेद चंदन, लाल चंदन, गोमती और गोकुल चंदन । चंदन का तिलक लगाने से पापों का नाश होता है, व्यक्ति संकटों से बचता है, उस पर लक्ष्मी की कृपा हमेशा बनी रहती है, ज्ञानतंतु संयमित व सक्रिय रहते हैं । चंदन का तिलक ताजगी लाता है और ज्ञान तंतुओं की क्रियाशीलता बढ़ाता है ।

९. पाञ्चजन्य शंख : महाभारत में लगभग सभी योद्धाओं के पास शंख होते थे । उनमें से कुछ योद्धाओं के पास तो चमत्कारिक शंख होते थे, जैसे भगवान कृष्ण के पास पाञ्चजन्य शंख था जिसकी ध्वनि कई किलोमीटर तक पहुंच जाती थी ।

१०. मणि : स्यमंतक मणि के कारण भगवान श्रीकृष्ण को चोरी का आरोप झेलना पड़ा था । कहते हैं कि वह मणि जामवंतजी के पास थी । जामवंती जी से लाकर उन्होंने अक्रूरजी को दे दी थी । हालांकि श्रीकृष्ण के मुकुट में कई मणियां जड़ी होती थीं । भगवान विष्णु कौस्तुभ मणि धारण करते हैं ।

राष्ट्रिय जनगणना २०७८
"नेपाल बढइ,/बडही समाजको राष्ट्रिय पहिचान कायम गरौं"
ठाकुर, शर्मा,बढई,बडही,बरही,सुतिहार,कमार इत्यादी थरमा लेखाएतापनि जात/जातिको महलमा अनिवार्य
बढई (कोर्ड नं. ६० ) लेखाउनु होला ।

## सुनसरी मोरंग सिचाई आयोजनाको नहर प्रणाली क्षेत्र भित्र अनाधिकृत रूपमा बनाइएका घर टहरा तथा घेरवारहरू हटाउने वारेको

### अत्यन्त जरुरी सूचना

यस सुनसरी मोरंग सिचाई योजना अन्तर्गत मूल नहर शाखा, उपशाखा, प्रशाखा, टर्सरी र भि.सी. नहरको डिल अतिक्रमण गरी अनाधिकृत रुपमा घर, टहरा बनाई बसोवास गरेको, बालीनाली, बोटविरुवा, दलहन तथा परालको माच, टाल आदि लगाएको र नहरको डिल भत्काई पानी संचालन र नहर मर्मत सम्भार एवं सर्भिस रोड समेत अतिक्रमण भई नहर संचालन गर्न कठिनाई भएका साथै नहरको जग्गा संरक्षण र व्यवस्थापनमा समेत कठिनाई परेकोले बनाईएका घर टहरा गोठ एवं अन्य सामग्री र गार्य बस्तु बाध्न पूर्ण रुपमा रोक लगाईएको व्यहोरा सरोकारवाला सबैमा जानकारी गराईन्छ । यो सूचनालार्य अटेर गरि नहरको डिलहरुमा कुनै किसिमको घर, टहरा, बाली-नाली, बोटविरुवा, दलहन तथा परालको माच, टाल नहरको डिलमा रहेको पाइएमा सो कार्यालयले हटाउन परेको खण्डमा सोको हर्जाना समेत सम्बन्धित व्यक्तिहरुबाटै अशुल उपर गरिने र हटाउँदा पर्ने क्षतिको जवाफ देही समेत सरोकारवाला आफैले व्यहोर्नु पर्ने व्यहोरा जानकारी गराईन्छ ।

सुनसरी मोरंग सिंचाई आयोजना विराटनगर

# हुसैनको हत्यामा संलग्न आरोपी पक्राउ



झापा । झापा, गौरादह नगरपालिका वडा नं. ५ का ४६ बर्षीय मबेसिर हुसेन मियाँको हत्याको आरोपमा ५ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा सोही स्थानका ३१ बर्षीय महम्मद सद्दाम, सद्दामकी श्रीमती २८ बर्षीया सुमेरन खातुन, २६ बर्षीय महम्मद सुलेमान, सुलेमानकी श्रीमती २२ बर्षीया रुक्सार खातुन र ३८ बर्षीया कुर्समान खातुन रहेका छन् ।

कार्तिक ११ गते विहान ११ बजे देखी हराएका मबेसिर हुसेन मियाँको खोजतलास गरी पाउँ भनी उनकी श्रीमती नुरजन खातुनले कार्तिक १४ गते ईलाका प्रहरी कार्यालय दमकमा निवेदन दर्ता गराएका थिईन । दिएकी थिईन । ईलाका प्रहरी कार्यालय दमकबाट खटिएको प्रहरी टोलीले खोजतलास गर्ने क्रममा कार्तिक २६ गते महमद सद्दामको घर कोठाको भ्यालको पल्ला तथा ग्रीलहरुमा रगत जस्तो रातो पदार्थको छिटाहरु देखिए पछि हुसेनको हत्या गरेको हुन सक्ने आशंकामा सद्दामको घर खानतलासी गर्ने क्रममा सेफ्टी ट्यांङ् भित्र दुर्गन्धित अवस्थामा हुसेन मृत फेला परेका थिए ।

घटनास्थलबाट घटनामा प्रयोग भएका घरेलु धारिलो हतियार दाउ, छुरी र घन (मार्तोल) लगायत प्रमाण योग्य चिजबस्तुहरु बरामद गरीएको छ । हत्याको आरोपमा पक्राउ परेका पाचै जनालाई कर्तव्य ज्यान मुद्दामा म्याद थप गरी अनुसन्धान भईरहेको ईलाका प्रहरी कार्यालय दमकले जनाएको छ ।

# ट्र्याक्टर पल्टीदा दुईको मृत्यु

विराटनगर । मोरङको बेलबारी नगरपालिका वडा नं नं. ५ कसेनि स्थितमा ट्याक्टर पल्टदा सवार २ जना सहचालकको मृत्यु भएको छ । मृत्यु हुनेमा रंगेली नगरपालिका १ का २२ बर्षीय बिजय हेमरन र १५ बर्षीय अबिनाश मनण्डी रहेका छन् ।

मंगलवार को २ त ८६८८ नम्बरको ट्याक्टरले ईन्द्र दर्जीको खेत जोती बाटोमा निस्कने क्रममा उक्त ट्याक्टर पल्टिदा घाईते भएका दुवै जनाको कोशी अस्पताल विराटनगरमा उपचारको क्रममा राती साढे १० बजे मृत्यु भएको थियो ।

ट्याक्टर र चालक रंगेली नगरपालिका १ का २७ बर्षीय आईति सतार टुडु ईलाका प्रहरी कार्यालय बेलबारीको नियन्त्रणमा रहेको छ । घटनाको बारेमा थप अनुसन्धान भईरहेको छ ।


## कोरोना (C0VID–19) भाइरसका बारेमा जनहितमा जारी सूचना

**१. कसरी सर्छ कोरोना भाईर?**

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

**२. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन्**

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रो हुनु ।

**3. यसबाट बच्न के–के गर्ने ?**

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

धनपालथान गाउँपालिका मोरंग प्रदेश नं. १



*यो धुम्रपानको आदत सजिलो तरीकाले कहाँ छुट छ,,*
*पहिले सिग्रेट हामी फुक्छौ, फेरी सिग्रेट हामीलाई फुकि हाल्छ ।*


# न्यायपालिका...

झन् गहिराएको छ ।

प्रधानन्यायाधीशको अवधि लामो हुँदा यसरी भित्र र बाहिरबाट कार्यपालिका, सरकार, राजनीतिक दल, नेता, सहकर्मी न्यायाधीश, नेपाल र सर्वोच्च बार नातागोता, इष्टमित्र, मुद्दाका पक्ष सबैमा असन्तुष्टि बढ्दै जान्छ र विरोधका स्वरहरु संगठित हुँदै जान थाल्छन्। प्रधानन्यायाधीशले आफ्नो न्यायिक, प्रशासनिक र न्यायाधीश नियुक्ति र सरुवाको कार्य गर्दा सधैंभरि यी सबै पक्षका कुराहरु स्वीकारेर र मानेर चल्न सक्ने अवस्था हुँदैन। आफ्ना न्यायिक, प्रशासनिक र न्यायाधीश नियुक्तिका कार्यमा कार्यपालिका, सरकार र बारलाई मात्र रिझाउँदा सहकर्मी न्यायाधीशहरु असन्तुष्ट हुन्छन् भने अदालतका सहकर्मीहरु लाई मात्र रिझाएर साथ लिएर स्वतन्त्र र निष्पक्ष भएर निर्भीक रुपमा कार्य गर्दा कार्यपालिका, सरकार, राजनीतिक दल, नेता र नेपाल र सर्वोच्च बार असन्तुष्ट र विरोधी बन्न जान्छन् ।

प्रधानन्यायाधीश अनियमितता र भ्रष्टाचारमा संलग्न रहेर कार्यपालिका र राजनीतिक दलहरुलाई रिझाए पनि त्यस्तो अवस्थाको न्यायिक र प्रशासनिक कार्यबाट सहकर्मी न्यायाधीश र बार सन्तुष्ट हुनसक्ने अवस्था नहुने परिस्थिति पनि बन्दै गएको हुन्छ। कतिबेला कसलाई के कुरामा चित्त बुझ्दैन र असन्तुष्ट बन्छ टुङ्गो हुँदैन। यस कारणले एउटालाई मात्र सन्तुष्ट बनाएर रिझाएर अगाडि बढ्ने कार्य दिगो हुन सक्दैन भने सबै सरोकार पक्ष, कार्यपालिका, सरकार, राजनीतिक दल, नेता, नेपाल र सर्वोच्च बार, कानून व्यवसायी र न्यायिक बुद्धिजीवीलाई एकसाथ सधैंभरि रिझाएर सन्तुष्ट बनाएर, न्यायिक र प्रशासनिक कार्यहरु गरिदिन सम्भव पनि हुँदैन ।

यी सबैको न्यायाधीश नियुक्तिमा भाग पुग्दैन, यिनीहरुको आफ्नो न्यायाधीश मान्छे मात्र सधैंभरि अनुकूल स्थानमा सरुवा मिलाउन र कनिष्ठलाई पनि टिपेर उच्च र सर्वोच्च अदालतको न्यायाधीशमा नियुक्त गरिदिन सक्ने अवस्था हुँदैन, सिफारिश गरिएका सबै मुद्दाहरु उनीहरुले भने जस्तै गरी आदेश र फैसला पनि हुन सक्दैनन्। यी सबैको असन्तुष्टि एकत्रित हुँदै मुद्दा र न्यायाधीश नियुक्ति र सरुवामा सिफारिश गर्ने र न्यायपालिकामा अनियमितता र भ्रष्टाचार गराउने प्रक्रियामा संलग्न व्यक्तिहरु समेत पनि सोही बुँदामा केन्द्रित रहेर विरोधका स्वरहरु संगठित हुन पुग्छन् ।

प्रतिनिधिसभा विघटनको मुद्दामा संवैधानिक इजलासको गठन र त्यसको आदेश एवं फैसलाको परिणाम पनि प्रत्युत्पादक हुनगइरहेको छ। प्रतिनिधिसभाको विघटन र संवैधानिक अङ्गका पदाधिकारीहरुको नियुक्ति उपरको मुद्दाको सुनुवाइ गर्न निश्चित संवैधानिक इजलासको गठनमा न्यायिक नेतृत्व रहने वा परिवर्तन गर्ने वा को रहने जस्ता शर्तमा निश्चित न्यायिक परिणाम बारे अपवित्र सहमति र उद्देश्यमा सम्झौता भएको भन्ने लाक्षणिक आवाजहरु पनि बाहिर आए ।

प्रधानन्यायाधीश आफूले कुनै अनियमितता नगर्दा र कसैको भनसुनलाई नसुन्दा पनि सुख पाउँदैन। म स्वतन्त्र र निष्पक्ष भएर कसैको भनसुनमा नलागी कार्य गर्छु भन्दा पनि ऊ टिकिरहन सक्ने अवस्था नहुन सक्दछ। कसैको कुरा सुन्ने, कसैको कार्य गरिदिने, कसैको कार्य गरिदिएन भने पनि त्यहींबाट पनि विरोधी जन्मन थाल्छ ।

जो प्रधानन्यायाधीश भएर आए पनि अदालत भित्र वरिष्ठ सहकर्मी र राजनीतिक शक्तिको नजिक भएका न्यायाधीशहरु, कार्यपालिका, सरकार, राजनीतिक दल र नेता, नेपाल र सर्वोच्च बार र न्यायिक बुद्धिजीवीहरु समेतलाई सन्तुष्ट बनाएर र मिलाएर कार्य गर्नुपर्ने अवस्था रहेको हुन्छ। यीमध्ये कुनै एक शक्ति वा संगठनसँग मात्र न्यायिक नेतृत्व नजिक रहिरहेको अवस्था हुन गए बाँकी अन्य व्यक्ति, शक्ति र संगठन असन्तुष्ट बन्दै जान्छन्, सबैसँग सधैंभरि नजिक भइरहन र उनीहरु सँग हातेमालो गरेर न्यायिक र प्रशासनिक कार्य गर्न सम्भव हुँदैन ।

त्यो सम्भव हुन नसक्दा अन्ततः सबै न्यायिक नेतृत्वको अवस्था यस्तै हुन सक्ने परिस्थितिको सम्भावना सधैं नै भइरहेको हुन्छ। हिजो स्वतन्त्र, निष्पक्ष र निर्भीक भएर भ्रष्टाचार र अनियमिततामा संलग्न नरहेर बार, सरकार र राजनीतिक दललाई उपेक्षा गरेर स्वतन्त्रता पूर्वक अदालतका केही न्यायाधीशमा मात्र भर गरेर कार्य गरेको भनिएका प्रधानन्यायाधीशले आफ्नो कार्यकाल पूर्ण रुपमा सफल बनाउन सकेको स्थिति रहेको थिएन ।

आज त्यसको ठीक विपरीत आफ्नै अदालतका वरिष्ठ न्यायाधीश हरु र नेपाल र सर्वोच्च बारलाई पनि उपेक्षा गरेर सरकार राजनीतिक दल र नेतासँग आफ्नो पकड बनाएर रिझाएर न्यायिक कार्य सम्पादन गर्दा पनि न्यायिक नेतृत्व गम्भीर विवादमा तानिएको अवस्था देखिन आएको छ। यी घटनाले निष्पक्ष र स्वतन्त्र भएर कार्य गर्ने हो भने न्यायिक नेतृत्वलाई कसैले हल्लाउन सक्दैन भन्ने तर्क शतप्रतिशत नै सार्थक रुपमा स्थापित हुन सक्दैन ।

यसै सन्दर्भमा प्रधानन्यायाधीश बाट गठन गरिने संवैधानिक इजलासमा अमूक न्यायाधीशहरु र प्रधानन्यायाधीश पनि बस्न हुँदैन भनी न्यायाधीशहरुबाट उठाउने गरिएको विचारप्रति विश्वस्त भएर मुद्दामा भएका परिणामलाई पनि सकारात्मक रुपमा लिन सकिराखिएको छैन। संवैधानिक इजलासका केही न्यायाधीशहरुलाई प्रधानन्यायाधीशको विचार र सेटिङ्गमा काम गर्ने गरेको भन्ने र केही न्यायाधीशहरु प्रधानन्यायाधीश को विचार भन्दा पृथक् भएर काम गर्ने गर्दछन् भन्ने दृष्टिकोणले पनि न्यायिक नेतृत्वलाई न्याय प्रशासनको कार्य गर्न आफ्नो संस्थाभित्र सहज हुन र संवैधानिक विवादका मुद्दामा निष्पक्ष निर्णय हुन नसक्ने अवस्था सृजना गरेको छ ।

संवैधानिक अङ्गका पदाधिकारी को नियुक्तिको मुद्दामा प्रधान न्यायाधीश बसे निष्पक्ष हुन नसक्ने वा प्रधानन्यायाधीशले आफू बसेर गरेको नियुक्तिको निर्णयको पक्ष लिने भन्ने हुँदा बाँकी अन्य केही न्यायाधीश उक्त नियुक्तिको विपक्षमा हुनसक्ने लक्षण र आभास दिइरहेको अवस्थामा उक्त मुद्दामा प्रधान न्यायाधीशसँग नजिक र टाढा रहेका भनिएका दुवै समूहका न्यायाधीशबाट निष्पक्ष न्याय हुन नसक्ने स्पष्ट नै छ ।

प्रधानन्यायाधीश माथि मुद्दाको न्याय सम्पादनको कार्यमा सेटिङ्ग गरेको, पेशी व्यवस्थापन को कार्यमा अनियमितता गरेको, कार्यपालिकासँग राजनीतिक पदको नियुक्तिमा राजनैतिक सौदावाजी गरेको, संवैधानिक अङ्गको र राजनीतिक पदमा भागबण्डा खोजेको भन्ने आरोप लगाइएको छ ।

न्याय सम्पादनको कार्यमा पेशीको व्यवस्थापन गर्दा इजलासको सेटिङ्ग गरेको र आर्थिक अनियमितता गरेको भन्ने आरोपको क्षेत्र अलग हो। यसलाई हामीले अनुमान गरेझैं अर्थात् भनेझैं वस्तुगत रुपमा नै पुष्टि गर्न गाह्रो पर्छ। यस्तो विवादमा मुख्यतः हेर्ने नै आदेश र फैसला हुने गर्दछन्। ती बेग्लै अनुसन्धान र मूल्याङ्कनका विषयवस्तु हुन् ।

त्यसो भनिरहँदा कुन कुन इजलास मुद्दा फर्स्यौट गर्ने कार्यमा अगाडि छन् ? कुन कुन इजलासले मुद्दा पन्छाउने गरेका छन् ? कुन कुन इजलासले चुनौतीपूर्ण मुद्दाहरुको निर्क्यौल गर्ने गरेका छन् ? कुन कुन इजलासले न्याय सम्पादनको कार्यमा कस्तो स्तरको फैसला तयार गरेका र महत्वपूर्ण सिद्धान्तहरु प्रतिपादन गर्ने गरेका छन् ? त्यस दृष्टिकोणबाट पनि न्यायाधीश हरुलाई मूल्याङ्कन गर्नुपर्ने हुन्छ ।

न्यायपालिकामा यी पनि आजका जल्दाबल्दा अहं प्रश्न हुन गएका छन्। गम्भीर र चुनौतीपूर्ण मुद्दाहरु पन्छाउने, गरे भएका फैसलामा पनि सिद्धान्त प्रतिपादन गर्न नसक्ने केवल नेतृत्वमा आफ्नो पालो कुरेर समय मात्र व्यतीत गर्ने प्रवृत्तिले पनि न्याय सम्पादनको कार्यमा अवरोध सृजना गरिरहेको छ ।

न्यायिक नेतृत्वले संवैधानिक अङ्गको र कार्यकारिणी पदमा भागबण्डा खोजेको हुँदा यसले न्यायपालिकाको स्वतन्त्रता र न्यायिक निष्पक्षतामा गम्भीर प्रभाव पार्ने भएकोले यो क्रियाबाट प्रधानन्यायाधीश माथि अन्य न्यायाधीशको विश्वासमा संकट उब्जेकोले आगामी दिनमा प्रधानन्यायाधीशले तोकेको पेशी सूचीमा मुद्दा सुनुवाइ गर्न र प्रधानन्यायाधीशसँग इजलास शेयर गर्न नसकिने धारणा सार्वजनिक भएको छ ।

प्रधानन्यायाधीशसँग इजलास शेयर हुने नहुने, गर्ने नगर्ने विषय न्यायपालिकाको स्वतन्त्रता, सम्बन्धित न्यायाधीशको मानवअधिकार, स्वतन्त्रता र स्थापित न्यायिक मूल्य र मान्यता भित्रका कुरा हुन्। अख्तियार दुरुपयोग अनुसन्धान आयोग, निर्वाचन आयोग र मानवअधिकार आयोग जस्ता संवैधानिक अङ्गका पदहरुमा कानून र न्यायका पृष्टभूमिका व्यक्तिहरु विगतदेखि नै नियुक्ति हुँदै आइरहेका छन् ।

न्यायिक नेतृत्वले कार्यपालिकाको राजनैतिक पदमा निश्चय पनि भागबण्डा खोज्नुहुँदैन, यस्तो कार्यलाई ठीक र सही हो भन्न पनि मिल्दैन, यो गलत कार्य हो। न्यायिक नेतृत्वले सरकारको कार्यकारिणी पदमा भागबण्डा खोजेको हो होइन ? भन्ने विवादमा यकिन भएर वा नभए पनि त्यो शक्तिपृथकीकरण, न्यायपालिकाको स्वतन्त्रता र न्यायिक निष्पक्षताको सिद्धान्त विपरीत हुन्छ हुँदैन ? र त्यसले स्वतन्त्र र निष्पक्ष न्याय सम्पादनको कार्यलाई गम्भीर प्रभाव पार्छ पार्दैन ? भन्ने कुरा मुद्दा र निर्णय विशेषको वस्तुगत आधारमा बहस, अनुसन्धान र शोधका विषयवस्तु हुन सक्छन् ।

कार्यपालिकाले आफूसँग सम्बन्धित अदालतमा विचाराधीन मुद्दा र साथै उच्च र सर्वोच्च अदालतको न्यायाधीश नियुक्तिमा राख्ने गरेको प्रत्यक्ष सरोकारको विषयमा न्यायाधीशको संलग्नतालाई पनि न्यायपालिकाको स्वतन्त्रताको सापेक्षतामा नै राखेर सँगसँगै हेरी अब खुला बहस गर्नुपर्ने समय आएको छ ।

ती बुँदाहरुमा बहस, अनुसन्धान र शोध हुँदै गर्दा पनि हिजो न्यायपालिकाले न्यायिक स्वतन्त्रताको सिद्धान्त अन्तर्गत जे जस्तो अवस्था र परिस्थितिबाट जे जसरी न्याय सम्पादनको कार्य गरिरहेको थियो आजको दिनमा पनि ती अवस्थामा कुनै तात्विक सुधार र फरक पर्न सक्ने स्थिति देखिंदैन, न्यायपालिकाको स्वतन्त्रता र न्यायिक निष्पक्षता सधैं झैं समस्यापूर्ण स्थितिबाट आफ्नै स्थानमा रहिरहेको हुन्छ ।

प्रधानन्यायाधीशसँगको विरोध र लडाइ जे जस्तो निष्कर्षमा पुगे पनि उनीसँगको विरोध, अविश्वास र लडाइको कारणले अदालत र इजलासलाई लामो समयसम्म बन्धक राख्न किञ्चित पनि उपयुक्त हुँदैन। इजलास संचालनको कार्यबाट प्रधानन्यायाधीश विरुद्धको अभियान र लडाइलाई कमजोर पार्छ, प्रधानन्यायाधीशको पक्षमा सहज बनाउँछ भन्ने अर्थ पनि गर्न हुँदैन ।

न्यायपालिका भित्र र सरोकार संस्था बारले गोला प्रथा लागू गरिदिएन पनि भन्ने, लागू गर्न पनि सक्रिय हुन नखोज्ने र यो प्रक्रियाबाट पनि इजलास सुचारु नहोस् भन्ने प्रवृत्तिले न्यायपालिकाको संकटलाई झन् गहिराएको छ। न्यायपालिकाको संकट लम्ब्याएर बढी थप संकट निम्त्याउन न्यायपालिका र सम्पूर्ण सरोकार वर्गहरुको हितमा किञ्चित पनि रहेको देखिंदैन। (के.सी. सर्वोच्च अदालतका न्यायाधीश हुन् ।) अनलाईन खवरबाट ।


## सूचना सूचना सूचना

सड्क क्षेत्रको दायाँ बायाँ रहेका रुख काट्नु सार्वजनिक अपराध हो । यसरी रुखहरु काटिएको पाईएमा नियम कानून बमोजिम कारवाही हुने व्यहोरा जानकारी गराउँद छौ । सडक हाम्रो सार्वजनिक सम्पति हो, यसका संरक्षण र सम्बर्द्धन गरौ, सडक सफा राखौं र सडक अतिक्रमण हुनबाट जोगाऔं ।

**सडक डिभिजन कार्यालय, विराटनगर प्रदेश नं. १**